# समृद्ध नवलपरासी

मानननीय विनोद कुमार चौधरीको राजनीतिक सचिवालयद्धारा प्रकाशित वुलेटिन, (वर्ष १, अंक २, पुष २०८०)

# विनोद चौधरीका एक वर्ष



## नवलपरासीमा विकासको लहर

बर्दघाट : नेपाली कांग्रेसका नेता एवं सांसद विनोद चौधरी निर्वाचित भएको एक वर्षमै नवलपरासी १ मा विकासको मुहार फेरिन थालेको छ । दशकौंदेखि विकासबाट बञ्चित भएको नवलपरासीका नागरिकहरु यतिबेला सांसद चौधरीको विकास निर्माणका काम देखेर खुसी छन् । स्पष्ट खाका र कार्ययोजनासहित अगाडि बढ्नुभएका चौधरीले एक वर्षमा नवलपरासीमा देखिने गरी विकासका कामहरु अगाडि बढाउनुभएको हो ।

उहाँले आफ्नो व्यक्तिगत पहलका साथै राजनीतिक र प्रशासनिक निकायसँग निरन्तर समन्वय र सहजीकरण गर्दै नवलपरासीको विकासलाई केन्द्रमा राख्दै आउनुभएको छ । निर्वाचन क्षेत्र रहेको जिमिरेभार र केन्द्रमा राजनीतिक सचिवालय राखेर उहाँले क्षेत्रको विकासलाई प्राथमिकतामा राख्नुभएको छ ।

उहाँले संघीय संसददेखि संसदीय समितिमा निर्वाचन क्षेत्रका समस्यालाई प्रभावकारी रुपमा उठाउँदै आउनुभएको छ । हुलाकी सडक, नारायणगढ बुटवल सडकखण्ड, गण्डक परियोजना, शितलहर, मल अभाव, उखु किसानका समस्या लगायतका विषयमा उहाँले संघीय सरकारसँग निरन्तर पहल र समन्वय गर्दै आउनुभएको छ ।

निर्वाचन क्षेत्रमा स्थानीय तह, प्रदेश सरकार र केन्द्र सरकारबाट सञ्चालन हुँदै आएका कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनका लागि सांसद चौधरीले निरन्तर पहल र समन्वय गर्दै आउनुभएको छ । निर्वाचन क्षेत्रमा औद्योगिक ग्राम निर्माणदेखि उखु किसानका समस्या समाधानका लागि उहाँको पहलकदमी रहँदै आएको छ ।

**थप समाचार पेज ४ र ५ मा...**

## स्थानीय भन्छन्, बल्ल विकास देख्यौं...

बर्दघाट : सांसद विनोद चौधरीको एक वर्षको कार्यकाल उत्साहजनक रहेको स्थानीयले प्रतिक्रिया दिएका छन् । उनीहरुले सांसद चौधरी निर्वाचित भएपछि नवलपरासीमा व्यवस्थित विकासको प्रारम्भ भएको बताएका छन् । विगतमा नेताहरुले चुनावका बेला मत पाउन आश्वासन दिने तर काम नगर्ने प्रवृत्तिको अन्त्य भएको उनीहरुको भनाई छ । पाँच वर्षे कार्यकालमा पहिलो वर्ष विकासको आधार तयार भएको र बाँकी समयमा त्यसले मूर्त रुप दिने स्थानीयको विश्वास छ । उनीहरु भन्छन्, 'पहिला नेताहरुले आश्वासन मात्रै दिन्थे, तर उहाँ (विनोद चौधरी) ले जितेपछि विकासका काम अगाडि बढेका छन् । उहाँ जे बोल्नुहुन्छ, त्यो गर्नुहुन्छ । अब हाम्रो क्षेत्रको विकास हुन्छ भन्नेमा हामी आशावादी छौं ।'

**थप पृष्ठ २ मा...**





### सोभा कुमार चौधरी (आदित्य)
प्रतापपुर १, भिट्ठा

माननीय बिनोद चौधरीज्यूको पहलबाट धेरै काम हुन थालेका छन् । लामो समयदेखि रोकिएको खजुरा खोला पुल निमार्णको काम सुरु भएको छ । उहाँ जे भन्नुहुन्छ त्यो गर्नुहुन्छ । १ बर्षको अन्तरालमा बिनोद चौधरीको पहलमा गोपीगंजदेखि प्रतापपुरसम्मको सडक बिस्तारको काम पनि अघि बढेको छ ।



### सन्जयमणी त्रिपाठी
प्रतापपुर ४, हर्सपुरा

मेरो बुझाईमा माननीय बिनोद चौधरीले व्यक्तिगत र संस्थागत रुपमा धेरै काम गर्नुभएको छ। हाम्रो यता उखु किसानले सधैं समस्या भोग्ने गरेका थिए । उहाँ जितेर आएपछि उखु किसानको बिभिन्न समस्या समाधान गर्दै आउनुभएको छ । यो वर्ष समयमै किसानले उखुको पैसा सरकारबाट पाएका छौं ।



### जगत नारायण चौधरी
सरावल ५, धनगडवा

ग्रामीण क्षेत्रका जनताले माननीय बिनोद चौधरीसँग धेरै आशा अपेक्षा भरोसा गरेका छन्। माननीय बिनोद चौधरीले यो क्षेत्रको विकास निमार्णलाई प्राथमिकतामा राख्नुभएको छ। हामी चाहन्छौ कि विकास निमार्णका काम गर्न माननीयज्यूले शहरसँगै गाउँलाई पनि प्राथमिकतामा राख्नुपर्छ। गाउँमा धेरै विकास गर्न बाँकी छ।

## जन बोली

## आम मतदाताको नजरमा
# मा. बिनोद चौधरीको
## एक वर्षे कार्यकाल





### राम अयोधी चौहान
सुस्ता–५

म तीन महिनाभन्दा लामो समयदेखि साउदी अरबमा अलपत्र परेको थिए । रविन्द्र जैसवाल दाइको सहयोगमा मेरो माननीय विनोद चौधरीजीसँग सम्पर्क भयो। उहाँसँग सम्पर्क हुनुभन्दा अगाडि म नेपाल आउँन पाउँदिन भनेर आत्तिएको थिए । उहाँको सचिवालयको सहयोगमा म नेपाल फर्किए । साउदीमा रहुन्जेल खाने व्यवस्था, एक्जिट भिसा र नेपाल आउने टिकटको व्यवस्था पनि उहाँकै सहयोगमा भयो । माननीयजीको गुन म कहिल्यै बिर्सने छैन। धन्यवाद माननीयजी ।



### जयप्रकाश बनिया
सुस्ता ५, पक्लीहवा

माननीय बिनोद चौधरी यो क्षेत्रको विकासका लागि भगवानको रुपमा लिन चाहान्छु । माननीय बिनोद चौधरीले यहाँका उखु किसानको समस्या समाधान गर्न निकै पहल गर्नुभयो । आगामी दिन गण्डकको समस्या समाधान गर्न अझै ठुलो पहल आवश्यक देखिन्छ। माननीय बिनोद चौधरीको पहलमा पछिल्लो बर्ष हालसम्मकै ठुलो लगानीमा भारतीय पक्षबाट बाँध मर्मत सम्भारको जुन काम भयो, यो अत्यन्तै राम्रो छ।



### यशोदा पाण्डे
बर्दघाट -४, बाढीपीडित

माननीयज्यूले चुनावका बेला गरेका प्रतिवद्धताहरु अहिले कार्यान्वयनमा छन्। खजुरा खोला पुल, बर्दघाट २ को सडक कालोपत्रे, चिसापानी हस्पिटलमा ट्रमा सेन्टर, हातखुट्टा नभएकालाई कृतिम हातखुट्टा उपलब्ध गराउन सबल केन्द्रको व्यवस्था लगायतका दर्जनौ कामहरु सुरु भइसकेका छन् । चौधरी फाउण्डेसनमार्फत महिलालाई सीपमुलक तालिमका साथै जिविकोपार्जन सम्बन्धि सहयोग र अन्य सामाजिक कार्यहरु भइरहेका छन् ।



### गौरी शंकर शर्मा
प्रतापपुर ६, पिपरपाती

माननीय बिनोद चौधरीका कारण यस क्षेत्रका विकास निमार्णका केही काम सुरु हुन थालेका छन् । उहाँले विकास निर्माणसँगै यहाँको सामाजिक कार्यमा पनि सहयोग गर्दै आउनुभएको छ। हामीले त बल्ल राम्रो नेता पाएका छौं । प्रतापपुरको वडा नं.८ मा रहेको मर्चहवा भन्ने स्थानमा पक्की पुल आवश्यक छ। त्यहाँ पुल निमार्णका लागि पहल गर्न आवश्यक देखिन्छ।



### नविन उपाध्याय
सुस्ता ४, जरलैया

३० वर्षदेखि कति जना नेता आउनुभयो, जानुभयो । सधैं चुनावका बेला यस्तो गर्छु, उस्तो गर्छु भन्ने तर काम केहि नगर्ने नेताहरुबाट हामी आजित थियौं। एक वर्ष अघि मात्रै यो क्षेत्रबाट जित्नुभएका माननीय विनोद चौधरीले छोटो समयमै देखिने गरी काम गर्नुभएको छ। यो क्षेत्रको विकासका लागि पाँच वर्षमा धेरै काम हुने आशा गरेका छौं हामीले ।



### रितमान कामु
बर्दघाट

उहाँ जितेर आउनुभएको जम्मा एक वर्ष मात्रै भएको छ । एक वर्षमै सबै काम सम्पन्न हुन्छ भनेर हामीले सोच्नुहुन्न । तर उहाँले एक वर्षकै बीचमा धेरै महत्वपूर्ण विकासका कामको सुरुवात गरिसक्नुभएको छ । खेलकुद क्षेत्रमासमेत उहाँले ठूलो योगदान गर्दै आउनुभएको छ। चिसापानी अस्पतालमा उहाँको पहलमा निशुल्क रुपमा कृत्रिम हातखुट्टा उपलब्ध गराउने कामको सुरुवात भएकोले हाम्रो जिल्ला मात्रै नभएर पश्चिम नेपालकै जनतालाई ठूलो राहत मिलेको छ। ट्रमा सेन्टरको जग्गा व्यवस्थापनदेखि बजेट व्यस्थापनसम्म, यसैगरी बर्दघाट अम्वास सडकको लागि आवश्यक बजेट व्यस्थापनका लागि उहाँको राम्रो पहल रह्यो ।



### जहिर खान पठान
सरावल -४

बिनोद चौधरीज्यू उम्मेदवार भएर आएपछि यहाँका जनता खुसी भएरनै उहाँलाई जिताएका हुन् । यो १ वर्षमा जेजति काम भएका छन्, हामी खुसी छौं। विनोद चौधरी जितेपछि निर्वाचन क्षेत्र आउँदैनन् भन्ने जुन आरोप उहाँमाथि लगाइएको थियो त्यो गलत भएको छ। उहाँ निरन्तर यहाँ आउनुहुन्छ। हामीले भेटेर समस्या राख्न पाएकाछौं । उहाँले तुरुन्तै हुनेकाम गर्दिहाल्नुहुन्छ । उहाँको स्याम र अफिसका कर्मचारीहरु पनि विकासका लागि खट्नुभएको छ।

# फेरिएको चिसापानी अस्पताल: ट्रमा बहुवर्षीय परियोजना

बर्दघाट : नवलपरासी (पश्चिम) जिल्लाको बर्दघाट नगरपालिका वडा नं. २ मा रहेको चिसापानी अस्पताल जिल्लाकै सुविधासम्पन्न अस्पतालका रुपमा विकसित हुँदै गएको छ। सांसद विनोद चौधरीको निरन्तरको पहलपछि चिसापानी अस्पतालले स्थानीयको विश्वास जित्न थालेको छ। एक वर्षअघिसम्म दयनीय अवस्थाबाट गुज्रिएको चिसापानी अस्पतालमा यतिबेला २४ सैं घण्टा आपतकालीन सेवासहितका सुविधाहरु सञ्चालनमा छन् । चौधरी फाउण्डेसनसँगको सम्झौतापछि अस्पतालले रुप फेरेको हो।

नेपाली कांग्रेसका केन्द्रीय सदस्य चौधरीले निर्वाचनका बेला चिसापानी अस्पताललाई विशेषज्ञ सेवा सुविधासहितको अस्पतालका रुपमा विकास गर्ने प्रतिवद्धता जनाउनुभएको थियो। चुनावी प्रतिवद्धता अनुसार अस्पताललाई नवलपरासी जिल्लाकै सुविधा सम्पन्न अस्पतालका रुपमा विकास गर्न लागिएको हो।

अस्पतालमा २४ सै घण्टा ल्याब सुविधा उपलब्ध हुनुका साथै शल्यक्रिया सेवासहितको बर्थिङ सेन्टर स्थापना र २४ सैं घन्टा आपतकालीन सेवाहरूको सुनिश्चितता गरिएको छ । त्यस्तै ओपीडी दर्ताका लागि टोकन प्रणाली लागू भइसकेको छ । यस्तै चिसापानी अस्पतालमा सीजी सबल केन्द्र सञ्चालनमा आइसकेको छ । चौधरी फाउण्डेसनको सहयोगमा सीजी सबल केन्द्र सञ्चालनमा आएको हो । सबल केन्द्रमार्फत् हातखुट्टा नभएकाहरुलाई (कृत्रिम हातखुट्टा) सेवा उपलब्ध गराउन सुरु भइसकेको छ । चिसापानी अस्पतालले रिफरल अस्पतालका रुपमा विकास गर्ने योजना रहेको छ। विशेषज्ञ चिकित्सकसहितको सुविधा अस्पतालले दिन थालेपछि स्थानीय पनि खुसी भएका छन्। यतिबेला चिसापानी अस्पताल यो क्षेत्रका नागरिकको रोजाइमा पर्न थालेको छ । अस्पतालकी निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा. मञ्जिला घिमिरेले सेवा प्रवाहमा सहजता र गुणस्तर बढेसँगै विरामीको रोजाइमा अस्पताल पर्न थालेको बताउनुभयो। 'अहिले अस्पतालमा विरामी संख्या बढ्न थालेको छ। हामीले गुणस्तरीय स्वास्थ्य सेवामा जोड दिइरहेकाछौं' उहाँले भन्नुभयो।

यस्तै चिसापानी अस्पतालसँगै ट्रमा अस्पताल निर्माण प्रक्रिया अगाडि बढेको छ । २५ बेड शैय्याको ट्रमा अस्पताल निर्माणका लागि सरकारले बहुबर्षीय आयोजना अन्तर्गत स्वीकृतिको प्रक्रियामा छ । सरकारले चालू आर्थिक वर्षमा पाँच करोड बजेट विनियोजन गरिसकेको छ । तीन वर्षमा निर्माण सम्पन्न गर्ने गरी २० करोड रुपैयाँ लागत लाग्ने अनुमान गरिएको छ। पुस महिना भित्रै भवन निर्माणका लागि टेण्डर आह्वान गर्ने तयारी भएको सरकारले जनाएको छ। हालै चौधरी फाउण्डेसनले चिसापानी अस्पतालको संगठन तथा व्यवस्थापन अध्ययन प्रतिवेदन तयार गरी अस्पताल व्यवस्थापन र बर्दघाट नगरपालिकालाई बुझाएको छ।

## अस्पताल भवन निर्माणका लागि बजेट विनियोजन

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले नवलपरासी क्षेत्र नं. १ मा रहेका तीन वटा अस्पतालको भवन निर्माणका लागि बजेट विनियोजन गरेको छ। नवलपरासी १ बाट प्रत्यक्ष निर्वाचित सांसद विनोद चौधरीको पहलमा सरकारले मंसिर अन्तिम साता तीन वटा अस्पताल भवन निर्माणका लागि सरकारले बजेट विनियोजन गरेको हो।

तीन वटै अस्पताल प्रतापपुर गाउँपालिकामा रहेका छन्। तीन वटा अस्पताल निर्माणका लागि स्वास्थ्य मन्त्रालयले ९० लाख रुपैयाँ बजेट विनियोजन गरेको हो। प्रतापपुर गाउँपालिकाको वडा नं. ३ मा रहेको बरगदवा स्वास्थ्य चौकी भवन निर्माणका लागि ३० लाख रुपैयाँ बिनियोजन भएको छ। त्यस्तै प्रतापपुर गाउँपालिका वडा नं. १ मा रहेको आधारभूत स्वास्थ्य भवन निर्माणका लागि ३० लाख र प्रतापपुर गाउँपालिका वडा नं. जगन्नाथपुर स्वास्थ्यचौकी भवन निर्माणका लागि ३० लाख रुपैयाँ बजेट विनियोजन भएको हो।

**केन्द्रीय राजनीति**

# आर्थिक विकासको रोडम्याप आवश्यक छ : विनोद चौधरी

नेपाली कांग्रेसका केन्द्रीय सदस्य विनोद चौधरीले पार्टीले देश विकासको स्पष्ट खाका तयार गर्नुपर्नेमा जोड दिनुभएको छ । उहाँले केन्द्रीय समिति बैठकमा राजनीतिक विषयले मात्रै मुलुक बन्न नसक्ने दावी गर्दै पार्टीले आगामी १० वर्षको विकासको खाका सार्वजनिक गर्नुपर्ने बताउनु भयो।

'यो पार्टीको अबको दश वर्षको देश विकासको दृष्टिकोण के हो? हाम्रो विकासको खाका कस्तो हुने हो ? त्यसको कुनै आधिकारिक दस्तावेज पार्टीको केन्द्रीय समितिबाट पारित भएको जानकारी मलाई छैन,' उहाँले भन्नुभयो, 'देशभित्र र र देशबाहिर रहेका नेपालीहरुले हामीलाई हेरिरहेका छन्। यो पार्टीले राजनीतिको कुरा मात्रै गर्छ कि विकासको पनि कुरा गर्छ ? देशबाहिर जान बाध्य भएका नेपालीलाई देशमै फर्काउने स्पष्ट रोडम्याप बनाउनुपर्छ।'

उहाँले पार्टीको केन्द्रीय समिति बैठकमा विकास र आर्थिक एजेण्डामा छलफल गर्नुपर्ने माग गर्नुभयो। 'अब अर्को कार्यसमितिको प्रमुख एजेण्डा नै यिनै अर्थतन्त्र हुनुपर्छ। एक दिन दुई दिन आर्थिक मुद्दामा छलफल हुनुपर्छ । विकास निर्माणका कामहरु ठप्प भएका छन्। उद्योगधन्दाहरु ठप्प छन् । उद्यमीको मर्म हामीले बुझ्न नसक्ने



हो भने नेपाल बाहिर रहेका युवाहरुलाई पार्टीसँग जोड्न नसक्ने हो भने आगामी दिन झनै कठिन हुने देखिन्छ,' उद्योगपतिसमेत रहेका कांग्रेस नेता चौधरीले भन्नुभयो, 'म आग्रह गर्न चाहन्छु कि फराकिलो दृष्टिकोणले यो पार्टीलाई पुनर्निर्माण गर्ने तरिकाले आउने केन्द्रीय समिति बैठकले आर्थिक विकासका मुद्धा, नेपालबाहिर रहेका नेपालीलाई स्वदेश फर्काउने मुद्धालाई, रोजगारको वातावरण सिर्जना गर्ने मुद्धामा छलफल हुनुपर्छ।'

उहाँले पार्टीमा संघर्ष गरेका, जेलनेल भोगेका नेताहरुसँगसँगै मुलुकलाई योगदान दिन सक्ने क्षमतावान व्यक्तिहरुलाई पनि अवसर दिनुपर्ने धारणा राख्नुभयो। 'अबको निर्वाचनमा २० लाख युवा मतदाता थपिदैछन्। सर्वोच्च अदालतको निर्देशन अनुसार विदेशमा रहेका नेपालीलाई पनि समेट्दा यो संख्या झण्डै ५० लाख हुन्छ । नयाँ सोच बोकेका, नयाँ दृष्टिकोण बोकेका, नेपाललाई एउटा विकसित राष्ट हेर्न खोजेका नेपालीलाई समेट्ने कांग्रेसको रणनीति के हो ? त्यसका आधारशीला के हुन् ? यो पुरानो पार्टीलाई पुरानै ढर्रामा चलाउँदा ति ५० लाखको नेतृत्व गर्न सक्छ कि सक्दैन ? हामीले सोच्नुपर्ने बेला आएको छ,' उहाँले भन्नुभयो।

प्रतिनिधिसभा सदस्यसमेत रहेका नेता चौधरीले केहि गर्न खोज्ने, सक्षम अनुभवी व्यक्तिहरुलाई कन्फ्लिक्ट अफ इन्ट्रेष्टका नाममा पाखा लगाइने गरेकोमा असन्तुष्टि व्यक्त गर्नुभयो। उहाँको भनाइ छ, 'जीवनभर राजनीति गर्ने मान्छेले मात्रै विकास गर्न सक्छ भन्ने दृष्टिकोणलाई अगाडि ल्याइन्छ । मलाइ लाग्छ, यो मानसिकतामा परिवर्तन ल्याउन सकेनौं भने आगामी दिनमा झन् कठिनाई हुन्छ।'

# निर्वाचन क्षेत्रमा के के हुँदैछन् महत्वपूर्ण विकासका कार्यहरु ?

**औद्योगिक ग्राम निर्माण**

बर्दघाट नगरपालिकामा वडा नं २ को खजुरा खोला किनारमा साना तथा मझौला उद्योगग्राम निर्माण कार्य अगाडि बढेको छ। उद्योग, वाणिज्य तथा आपूर्ती मन्त्रालयले उद्योगग्राम निर्माणका लागि टेण्डर आह्वान गरेर निर्माण कार्य प्रारम्भ भएको छ। १७ करोड लागत खर्च रहेको उद्योगग्रामका लागि पहिलो वर्ष चार करोड बजेट विनियोजन भएको छ भने बाँकी दोस्रो वर्ष काम सम्पन्न गर्ने गरी रकम विनियोजन गरिने मन्त्रालयले जनाएको छ। यसको शिलान्यासको तयारी भएको छ।

उद्योग मन्त्रालय अन्तर्गत रहेको विशेष आर्थिक क्षेत्र प्राधिकरण (सेज) ले प्राविधिक सहयोग गरिरहेको छ। दुई वर्षभित्र निर्माण सम्पन्न गर्ने लक्ष्य राखेको उद्योगग्रामको सञ्चालन र व्यवस्थापनको जिम्मा भने बर्दघाट नगरपालिकाको हुनेछ।

**बर्दघाट फोहोर व्यवस्थापन**

बर्दघाट क्षेत्रको फोहोरको उचित व्यवस्थापन गरी यो क्षेत्रलाई सफा राख्न ल्याण्डफिल साइट निर्माण कार्य अगाडि बढेको छ। ल्याण्डफिल साइटका लागि बर्दघाट नगरपालिकाको वडा नं. ४ को आमडाँडा बन क्षेत्रको करिब पाँच हेक्टर जग्गा छनोट गरिएको छ। केन्द्र सरकारले चालू आर्थिक वर्षमा ल्याण्डफिल साइट निर्माणका लागि दुई करोड १५ लाख केन्द्रको बजेट विनियोजन गरिसकेको छ भने बनको जग्गा भोगाधिकार लिने प्रयोजनका लागि नगरपालिकाबाट प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (आई.ई.ई.) को काम अगाडि बढेको छ।

**प्रकृतिमैत्री पर्यटन प्रवर्द्धन**

बर्दघाट नगरपालिकाको पहाडी क्षेत्र आम्बास-संसारकोट क्षेत्रमा पर्यटन प्रवर्द्धन गर्ने उद्धेश्यले यो कार्यक्रम अगाडि बढाइएको हो। यो क्षेत्रलाई पर्यटकीय क्षेत्रका रुपमा विकास गरिनेछ। आम्बास हुँदै दुम्किबास जोड्ने बाटोको निर्माण कार्य पनि अघि बढेको छ। बर्दघाट भुताहा चोक-आम्वास-संसारकोट-पटुके हुँदै गण्डकी प्रदेश जोड्ने २० कि.मी. बाटो निर्माणका लागि पाँच करोड विनियोजन भएको छ। यो सडकखण्ड निर्माणका लागि ठेक्का प्रक्रिया सम्पन्न भएर निर्माण कार्य सुरु भइसकेको छ। यसले यो क्षेत्रको पर्यटन विकाससँगै बैकल्पिक सडकको काम गर्नेछ। पर्वतीय पर्यटनको प्रबर्द्धनलाई यो क्षेत्रको गौरवको योजनाका रुपमा समेटिएको छ।

**विपन्नलाई आवास**

विपन्न आवास कार्यक्रम संघीय सरकारको शहरी विकास मन्त्रालय अन्तर्गत सञ्चालित कार्यक्रम हो। प्रतापपुर र सुस्ता गाउँपालिकामा रहेका नागरिकलाई लक्षित गरेर यो आयोजना अगाडि बढाइएको छ। चालू आर्थिक वर्ष प्रतापपुर गाउँपालिकालाई ४२ लाख रुपैयाँ बजेट विनियोजन गरेको छ। त्यसैगरी जनता आवास कार्यक्रम अन्तर्गत सुस्ता गाउँपालिकाका लागि १ करोड १५ लाख दुई हजार रुपैयाँ बिनियोजन भएको छ। जनता आवास कार्यक्रम प्रदेश सरकार अन्तर्गत सञ्चालित छ।

**खेलकुद तथा रंगशाला निर्माण**

निर्वाचन क्षेत्रभित्र बहुउद्देश्यीय खेलकुद रंगशाला निर्माण, खेलाडीको क्षमता विकास र प्रशिक्षण तथा प्रतियोगिताहरुको नियमित सञ्चालनको प्रबन्ध गर्न योजना तर्जमा गरिएको छ। बर्दघाट नगरपालिका वडा नं. ४ मा खेलकुद पूर्वाधार निर्माणका लागि केन्द्रबाट १५ लाख रुपैयाँ बजेट विनियोजन भएको छ। त्यस्तै बर्दघाट नगरपालिका १४ बुधबस्तीमा क्रिकेट खेल मैदान निर्माणका लागि केन्द्रबाट १० लाख विनियोजन भएको छ। बर्दघाट नगरपालिका १६ को सूर्यनगर रंगशालाको पूर्वाधार विकासका लागि प्रदेश सरकारले बजेट विनियोजन गरेको छ। त्यस्तै स्थानीय क्षेत्रमा हुने खेलकुदका लागि चौधरी फाउण्डेसनमार्फत निरन्तर खेलसामग्रीका साथै विभिन्न आर्थिक सहयोगका कार्यक्रमहरु भइरहेका छन्।

**बुद्ध सर्किट**

भगवान गौतमबुद्धको जन्मप्रदेशका रुपमा रहेको लुम्बिनी प्रदेश प्रवेशको मुख्यद्वारका रुपमा रहेको नवलपरासी १ मा बुद्ध सर्किट निर्माण महत्वपूर्ण गौरवको आयोजनाको रुपमा रहेको छ। बौद्ध धर्मावलम्बी लगायत अन्य आन्तरिक र बाह्य पर्यटकहरुको आकर्षणको केन्द्र बनाउन बुद्ध सर्किट सफल हुने विश्वास सांसद चौधरीले लिएका छन्। यो क्षेत्रलाई धार्मिक सांस्कृतिक पर्यटनको विकास गरिनेछ। बाल्मिकी आश्रमलाई रामायण सर्किटसँग जोडिनेछ। अनुमाघाट, बुद्ध मंगलताल आदिलाई बुद्धका स्मृति स्थलहरुमा जोड्ने गरी पैदल मार्ग निर्माणका लागि पहल सुरु भइसकेको छ।

**गण्डक**

सिचाई र डुवान समस्याको दीर्घकालीन समाधानलाई प्राथमिकतामा राख्ने गरी गण्डक परियोजनामा काम भइरहेको छ। भारतीय सरकारसँग समन्वय गरेर भारत सरकारकातर्फबाट पनि यसमा काम भइरहेको छ भने नेपाल सरकारले पनि विभिन्न परियोजनाहरु सञ्चालन गरिरहेको छ। यसमा दुई वटा डिपीआर बनिसकेको छ। एउटा एक अर्ब ७० करोड, अर्को एक अर्ब ७ करोडको डिपिआर तयार भएको छ। यी कार्यक्रम कार्यान्वयनका लागि सिँचाई तथा जलस्रोत मन्त्रालयमा पहल भइरहेको छ। यस्तै भारत सरकारले पनि ५० करोड भारतीय रुपैयाँ बजेटमा नारायणी नदि तटबन्धन र पुनर्निर्माणको काम गरिरहेको छ।

**विशेषज्ञ चिकित्सकको व्यवस्था**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले नवलपरासी बर्दघाट सुस्ता पश्चिमका विभिन्न तीन स्वास्थ्य संस्थामा चिकित्सक पठाएको छ। नवलपरासी १ बाट प्रत्यक्ष निर्वाचित सांसद एवं नेपाली कांग्रेसका केन्द्रीय सदस्य विनोद चौधरीको पहलमा मन्त्रालयले तीन चिकित्सक पठाएको हो। मन्त्रालयका अनुसार चिसापानी अस्पताल, बर्दघाट, पकलिहवा स्वास्थ्य चौकी र जगन्नाथ स्वास्थ्यचौकीमा चिकित्सक पठाइएको हो। थप तीन जना चिकित्सक पनि पठाउने पहल भइरहेको छ।

**बैदेशिक रोजगारीमा सहजीकरण**

वैदेशिक रोजगारीमा जान योग्य र इच्छुक स्थानीय युवाहरुलाई लक्षित गरेर यो कार्यक्रम निरन्तर सञ्चालनमा छ। माननीय विनोद चौधरीको सचिवालयबाट सुरक्षित र सहज रुपमा बैदेशिक रोजगारीमा जानका लागि सहजीकरण गरिदिने काम हुँदै आएको छ।

**भन्सार नाका खोल्ने**

गुठी पर्सौनी र भुजहवामा छोटी भन्सार खोल्न निरन्तर पहल भइरहेको छ। यसका लागि अर्थ मन्त्रालयसँग समन्वयको काम अगाडि बढेको छ। निकट भविष्यमै यो भन्सार खोल्ने सरकारको तयारी छ। माननीय विनोद चौधरीले निरन्तर भन्सार खोल्न सरकारका सम्बन्धित निकायसँग पहल गर्दै आउनुभएको छ।

**ट्रमा हस्पिटल**

नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) को बर्दघाटमा रहेको चिसापानी अस्पतालसँगै ट्रमा अस्पताल निर्माण प्रक्रिया अगाडि बढेको छ। **२५ बेड शैय्याको** ट्रमा अस्पताल निर्माणका लागि सरकारले बहुबर्षीय आयोजना अन्तर्गत स्वीकृतिको प्रक्रियामा छ। **चिसापानी अस्पतालमा** चौधरी फाउण्डेसनको सहयोगमा सीजी सबल केन्द्र सञ्चालनमा आएको हो। सबल केन्द्रमार्फत् हातखुट्टा नभएकाहरुलाई (कृत्रिम हातखुट्टा) सेवा उपलब्ध गराउन सुरु भइसकेको छ। फाउण्डेसन र अस्पतालबीचको सहमतिपछि अस्पतालमा २४ सै घण्टा ल्याब सुविधा, शल्यक्रिया सेवासहितको बर्थिङ सेन्टर स्थापना र २४ सैं घन्टा आपतकालीन सेवाहरू सुरु भइसकेका छन्। ओपीडी दर्ताका लागि टोकन प्रणाली पनि सुरु भइसकेको छ।

**पोलिटेक्निक**

नवलपरासीको प्रतापपुर गाउँपालिकामा रहेको सीजी पोलिटेक्निकलबाट ७३ युवाले प्राविधिक तालिम पुरा गरेका छन्। ३४ जनाले इलेक्ट्रिक र ३९ जनाले मेकानिकलको तालिम सम्पन्न गरेका हुन्। प्रतापपुर गाउँपालिका, सुस्ता गाउँपालिका र बर्दघाट नगरपालिकाका युवाहरुले ६ महिने तालिम पुरा गरेका हुन्। आगामी दिनमा उक्त तालिम कार्यक्रम सरावल गाउँपालिकाबाट सञ्चालन हुनेछ।

**गुनासो व्यवस्थापन**

माननीय विनोद चौधरीको निर्वाचन क्षेत्रस्थित जिमिरेभारमा रहेको सचिवालय र काठमाडौंस्थित राजनीतिक सचिवालयले स्थानीय तहमा भएका गुनासाहरुको समन्वय गर्ने, उनीहरुका समस्या र आवश्यकता बुझेर कार्यान्वयनका लागि

सम्बन्धित निकायमा समाधानका लागि समन्वय र सहजीकरणको काम हुँदै आएको छ ।

### युवा स्वरोजगार कार्यक्रम

युवा स्वरोजगार कोष र स्थानीय तहबीच समन्वय गरेर युवालाई उद्यमशील बनाउने कार्यक्रम सञ्चालन गर्न पहल भइरहेको छ । बर्दघाट नगरपालिका र सरावल गाउँपालिकामा यो कार्यक्रम कार्यान्वयन हुनेछ । पालिकाले कम्तिमा पचास लाख रुपैयाँ बजेट छुट्याउने समझदारी भएको छ । पालिकाले बजेट विनियोजन गरेपछि युवा स्वरोजगार कोषसँग सम्झौता हुने र स्थानीय युवाहरुले स्वरोजगार कार्यक्रमका लागि सहुलियत ब्याजदरमा ऋण पाउने व्यवस्था गरिनेछ । यो परियोजनाको कार्यान्वयन गराउन माननीय विनोद चौधरीको सचिवालयले सहजीकरणको काम गर्दै आएको छ ।

### खजुरा खोला पुल

तीन वर्ष अघि निर्माण सम्झौता भएर पनि काम अगाडि नबढेको बर्दघाट नगरपालिका वडा नं ५ र १६ जोड्ने खजुरा पुल निर्माण कार्य अगाडि बढेको छ । २०८० असार ३ गते निर्माण सम्पन्न गर्नुपर्ने भएपनि निर्माण कार्य अगाडि बढ्न सकेको थिएन । चौधरी नवलपरासी-१ बाट प्रतिनिधिसभा सदस्य निर्वाचित भएपछि २०७९ चैत १२ गते पुल शिलान्यास भएको थियो भने उनले तोकिएकै समयमा काम सम्पन्न गर्न ठेकेदारलाई ताकेता गर्दै आएका छन् ।

### सुस्ता पारी जोड्ने झोलुंगे पुल

पश्चिम नवलपरासीको सुस्तालाई नेपालतर्फको भूमिसँग जोड्ने गरी नारायणी नदीमा बन्न लागेको बहुप्रतीक्षित झोलुङ्गे पुलको निर्माण अन्तिम चरणमा पुगेको छ। २०८० सालभित्रै पुल निर्माण सम्पन्न हुने ठेकेदार कम्पनीले जनाएको छ। २०७० सालमा ठेक्का लिएर ३० महिनाभित्र निर्माण सम्पन्न गर्ने सम्झौता भएपनि १० वर्षपछि पुल निर्माण कार्य अन्तिम चरणमा पुगेको हो। माननीय विनोद चौधरीले मंसिरमा पुल निर्माण कार्यको स्थलगत निरीक्षण गर्नुभएको थियो । उहाँ निर्वाचित भएपछि छिटो काम सम्पन्न गर्न निर्माण कम्पनी र सरकारी पक्षसँग निरन्तर पहल गर्दै आउनुभएको छ । साथै उहाँको राजनीतिक सचिवालयले पनि निरन्तर सहजीकरण र समन्वयको काम गर्दै आएको छ। एक हजार ५५८ मिटर लम्बाइको यो पुल सुस्ताको लाइफलाइनका रूपमा रहेको छ। पुल निर्माणपछि पर्यटकीय चहलपहल पनि बढ्ने विश्वास लिइएको छ ।

### तराई मधेश समृद्धि कार्यक्रम

सरकारले विभिन्न परियोजनामार्फत् तराई मधेश समृद्धि कार्यक्रम सञ्चालन गर्दै आएको छ। नवलपरासी निर्वाचन क्षेत्र नं. १ मा आवश्यक कार्यक्रम र बजेट विनियोजनका लागि माननीय विनोद चौधरीले सम्बन्धित कार्यालयसँग आवश्यक समन्वय गर्दै आउनुभएको छ । साथै कार्यक्रमको प्रभावकारीतामा पनि विशेष जोड रहँदै आएको छ ।

### सुख्खा बन्दरगाह

नवलपरासी निर्वाचन क्षेत्र नं. १ मा सुख्खा बन्दरगाह निर्माणका लागि पहल सुरु भइसकेको छ । माननीय विनोद चौधरीले यसका लागि अर्थमन्त्रालयलाई पत्राचार गरिसक्नुभएको छ । आकारमा सानो भएपनि नेपालको नमुना बन्दरगाह निर्माण गर्ने उद्धेश्यले यो कामलाई अगाडि बढाउन लागिएको हो । भारतसँग जोडिएको सिमा नाका भएकाले नवलपरासीमा सुख्खा बन्दरगाह निर्माण भएपछि यो क्षेत्रमा आर्थिक चहलपहल बढ्नेछ भने दूरीका हिसावले पनि नेपालको मध्यभागमा भएकाले सामान आयात निर्यात गर्दा सहज हुने विश्वास लिइएको छ ।

### बैंकिङ पहुँच स्थापित गर्ने

भारतसँग सीमा जोडिएको र पूर्व भारतीय सैनिकको पेन्सन सहजीकरणका लागि एसबिआई बैंकको शाखा खोल्ने तयारी भएको छ । यसका लागि बैंकका अधिकारीहरुसँग निरन्तर संवाद भइरहेको छ ।

### भूतपुर्व सैनिक आवास

बर्दघाट नगरपालिका वडा नं. १२ मा भारतीय राजदूतावासको सहयोगमा निर्माण हुने सैनिक आवासका लागि माननीय विनोद चौधरीले पहल गर्दै आउनुभएको छ । त्यसका लागि दूतावासका अधिकारीसँग निरन्तर संवाद भइरहेको छ ।

### कृषि विद्युतिकरण

बर्दघाट नगरपालिका, प्रतापपुर गाउँपालिका, सरावल गाउँपालिका र सुस्ता गाउँपालिकामा सिचाईको व्यवस्था गर्न यो आयोजनालाई अगाडि सारिएको हो । विजुलीबाट भूमिगत सिचाईको व्यवस्था गर्न प्रदेश तथा केन्द्र सरकारसँग समन्वय गरी कृषि विद्युतिकरणका लागि चालू आर्थिक वर्षमा उल्लेख्य रुपमा बजेट विनियोजन भएको छ। साथै आवश्यकताका आधारमा आगामी आर्थिक वर्षमा थप बजेट विनियोजन गर्न पहल भइरहेको छ। यसबाट यो क्षेत्रका कृषकको सिचाई समस्या समाधान हुनेछ।

### केरा तथा उखु खेति

नवलपरासी जिल्लामै कृषितर्फ मुख्य सम्भावनाको रुपमा केरा तथा उखुको पकेट क्षेत्र मानिन्छ । केरा तथा उखु खेतीलाई प्रवर्द्धन गर्ने कार्यक्रमलाई सांसद चौधरीले गौरवकै योजनाको रुपमा अगाडि बढाएका छन्। केरा तथा उखु खेती प्रबर्द्धन कार्यक्रम अन्तर्गत विउ विज उत्पादन, किसानलाई प्राविधिक सेवा, वितरण प्रणालीमा सुधार तथा केराजन्य उद्योगको स्थापना कार्य अगाडि बढेको छ । सांसद चौधरीकै पहलमा सरकारबाट केरा र उखुका लागि आवश्यक मात्रामा मलको कोटा बृद्धि गरी कार्यान्वयन भइसकेको छ । साथै उन्नत जातको बी बिजन उपलब्ध गराउन र उत्पादनका लागि प्रदेश कृषि मन्त्रालयसँग पहल भइरहेको छ ।

### सिटिइभिटी कार्यक्रम

स्थानीय आवश्यक र सम्भावनालाई ध्यानमा राखेर नवलपरासी क्षेत्र नं. १ मा प्राविधिक शिक्षा पठनपाठनका लागि सिसिइभिटीसँग समन्वय भइरहेको छ । तत्काल सरावल गाउँपालिकामा रहेको महेन्द्र माविमा उक्त कार्यक्रम सञ्चालन गर्न प्रक्रिया प्रारम्भ भइसकेको छ ।

### महिला सशक्तिकरण

चौधरी फाउण्डेसनमार्फत् निर्वाचन क्षेत्रका चार वटै पालिकामा विभिन्न कार्यक्रम सञ्चालन भइरहेका छन् । जसअन्तर्गत 'बलियो महिला' कार्यक्रम सुरु भएको छ। पोषणयुक्त खाना उत्पादन गर्न महिलालाई तालिम दिइनेछ । फाउण्डेसनले निम्न आय भएका महिलाहरुको जिविकोपार्जनका लागि 'सिड मनी'सहित ठेला उपलब्ध गराउँदै आएको छ। सिलाइ, ब्यूटिसियन तालिमहरु पनि सञ्चालनमा छन् ।

### नारायणगढ-बुटवल सडकखण्ड

२०७५ सालको माघ २४ गते सम्झौता भई तीन वर्षभित्र निर्माण सम्पन्न गरिसक्नुपर्ने नारायणगढ बुटवल सडकखण्डको काममा ढिलासुस्ती हुँदै आएकोमा माननीय विनोद चौधरीले छिटो काम सम्पन्न गर्न निरन्तर ताकेता गर्दै आउनुभएको छ। उहाँ निर्वाचित भएपछि निर्माण कार्यले गति लिएको हो। उहाँले छिटो काम सम्पन्न गर्न निरन्तर निर्माण कम्पनी, सरकारी निकायका अधिकारीसँग छलफल र अनुमगन गर्दै आउनुभएको छ । समयमै काम सम्पन्न नगर्दा यो क्षेत्रमा स्थानीय र यात्रुहरुले सास्ती भोग्दै आएका छन् ।

### हुलाकी राजमार्ग

सांसद विनोद चौधरीको सहजीकरणपछि तराई मधेशको समृद्धिका लागि लाइफलाइन मानिएको हुलाकी राजमार्गको काम पनि तीव्र गतिमा भइरहेको छ। पटकपटक काम अवरुद्ध हुँदै आएकोमा चौधरी निर्वाचित भएपछि हुलाकी राजमार्गको काम अगाडि बढेको हो । विभिन्न बहानामा काम रोकिँदै आएको थियो । उहाँले हुलाकी राजमार्गसँग सरोकार राख्ने निर्माण कम्पनी, स्थानीय तहसहित सरोकारवालाहरुसँग निरन्तर छलफल र संवाद गर्दै निर्माण कार्यलाई तिब्रता दिन ताकेता गर्दै आउनुभएको छ ।

### बर्थिङ सेन्टर

चौधरी फाउण्डेसनको सहयोगमा सुस्ता गाउँपालिकाको पक्लिहवा स्वास्थ्य चौकीमा बर्थिङ सेन्टर सञ्चालनमा आएको छ। त्यस्तै भुजहवामा रहेको बर्थिङ सेन्टरमा फाउण्डेसनको सहयोगमा नर्सको व्यवस्था गरिएको छ । सांसद चौधरीले सेन्टर सञ्चालनमा आएपछि ग्रामिण क्षेत्रका महिलाहरु लाभान्वित भएको बताउनुभएको छ । 'चुनावका बेला गरिएको प्रतिवद्धता कार्यान्वयनमा हामी प्रतिवद्ध छौं,' उहाँले भन्नुभयो, 'निर्वाचनका बेला हामीले जे गर्छौं भनेका छौं, त्यसका लागि व्यवस्थित विकासको खाका बनाएर अगाडि बढिसकेका छौं ।'

# सिजी पोलिटेक्निक: सबैलाई रोजगारी

युवाहरुलाई उद्यमी र स्वरोजगार बनाउन चौधरी फाउण्डेशनले स्वरोजगार युवा अभियान सञ्चालन गरेको छ । चौधरी फाउण्डेशन र सिजी पोलिटेक्निकको आयोजनामा पश्चिम नवलपरासीको प्रतापपुर वडा नम्बर ७ सूर्यपुराबाट सुरु भएको यस अभियानले युवाहरुलाई सीप प्रदान गर्ने र उनीहरुलाई स्वरोजगार बनाउने मुख्य उद्देश्य रहेको सिजी पोलिटेकका अध्यक्ष निर्वाण चौधरीले बताउनुभयो ।

चौधरीले अब नवलपरासी क्षेत्रका युवाहरुलाई सीप प्रदान गरेर उनीहरुमा सीप विकास गर्ने बताउनुभयो । 'कयौं युवाहरु विदेश जान्छन्, सीप अभावले समस्यामा परेका हुन्छन् । यस्ता युवाहरुलाई देशमै सीपको विकास गराएर देशमै रोजगारको व्यवस्था मिलाउने अभियानमा छौं' अध्यक्ष चौधरीले भने । उनले नेपालमा सबैभन्दा बढि बैदेशिक रोजगारमा जाने प्रदेशमध्ये लुम्बिनी प्रदेश रहेको र त्यसमा पनि नवलपरासी क्षेत्र रहेको हुँदा यो समस्या अन्त्य गर्न पनि नवलपरासीमा शाखा सञ्चालनमा ल्याइएको बताउनुभयो ।

तालिम केन्द्रमा युवाहरुलाई प्राविधिक क्षेत्र अन्तर्गतका सिपहरु प्रदान गरिने सिजी पोलिटेकका प्रिन्सीपल शिवहरी ढकालले जानकारी दिनुभयो । उनका अनुसार नवलपरासीमा युवाहरुलाई सीप सिकाई आत्मनिर्भर बनाउनु, मेकानिकल पिटर, इन्डष्ट्रियल, इलेक्ट्रिसियन कार्यक्रम सञ्चालन गर्ने विदेश जाने युवाहरुलाई देशमै स्वरोजगार बनाउने जानकारी गराए । प्रिन्सीपल ढकालका अनुसार सिजी पोलिटेक्निकले यसअघि नवलपुरको कावासोती र मध्यविन्दु नगरपालिकाका स्थानीय २५ जना युवाहरुलाई




प्लम्बीङ तालिम, मध्यविन्दु नगरपालिकाका ३५ जना स्थानीय महिलाहरुलाई बेकरी तालिम समेत प्रदान गरेको बताउनुभयो । नवलपुरको देवचुली नगरपालिका वडा नम्बर २ मा २०६६ सालबाट सुरु गरेको सिजी पोलिटेक्नीकले युवाहरुलाई प्राविधिक तालिम प्रदान गरि उद्योगमै रोजगारको वातावरण सृजना गरेको छ ।

देवचुली नगरपालिका वडा नम्बर २ मा स्थापनादेखि हालसम्म तीन हजार बढिलाई तालिम प्रदान गरेको र अब भने सिजीले यसलाई निरन्तरता प्रदान गर्न शाखा कार्यालयका रुपमा प्रतापपुर ७ मा सञ्चालन गरेको जनाइएको छ । ६ महिनासम्म तालिम सञ्चालन हुने र तालिममा सहभागिहरुलाई प्रमाण पत्रसंगै उत्कृष्टलाई रोजगार प्रदान गर्ने पोलिटेक्निकले जनाएको छ ।

आफ्नो शाखालाई प्रतापपुरमा विस्तार गरेसंगै त्यहाँका स्थानीय उत्साहित बनेका छन् । स्थानीय राजेश कोहारका अनुसार आफूहरु बेरोजगार रहेको अवस्थामा सिजी पोलिटेकले ल्याएको सीप विकास तथा आत्मनिर्भर कार्यक्रमले स्वरोजगार बन्न सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

# डुवानको दीर्घकालीन समाधानका लागि पहल

नवलपरासी । पश्चिम नवलपरासीमा झरही- धनेवा खोलाका कारण प्रत्येक बर्ष हुँदै आएको डुवानको दीर्घकालीन समाधानका लागि पहल थालिएको छ । जसका लागि कुल एक अर्ब १८ करोड बराबरको विस्तृत परियोजना प्रतिबेदन तयार गरिएको नेपाल गण्डक पश्चिम नहर सिंचाई व्यवस्थापन कार्यालय सेमरी नवलपरासीले जनाएको छ । नेपाल गण्डक पश्चिम नहर सिंचाई व्यवस्थापन कार्यालय सेमरी नवलपरासीका कार्यालय प्रमुख तिलकराम बुढाथोकीले डुवानको दीर्घकालीन समस्या समाधानका लागि काम भइरहेको बताउनुभयो ।

झरही धनेवा खोलामा जम्मा हुने पानीले निकास नपाउँदा पश्चिम नवलपरासीको सरावल, पाल्हीनन्दन, र प्रतापपुर क्षेत्रमा प्रत्येक बर्ष हजारौं बिगाहा क्षेत्रफलमा डुवानको समस्या हुने गरेको छ । डुवानको दीर्घकालीन रुपमा समस्या समाधान गर्न संघीय सांसद बिनोद चौधरीले नेपाल र भारत दुवै देशका सम्बन्धित पक्षसँग निरन्तर पहल गर्दै आउनुभएको छ । प्रतिवेदन अनुसार झरही धनेवा खोलामा जग्गा भएको माटो सफाइ गर्नुपर्ने, खोलाको दुई छेउमा बाँध निमार्ण गनुपर्ने, नदी संरक्षणका लागि आवश्यक उचित स्थानमा तारजाली गर्नुपर्ने र खोलामा पानीको निकासका लागि गेट निमार्णलगायतका विविध कार्य रहेका छन् ।

गण्डक कमाण्ड क्षेत्र अन्तर्गत पर्ने धनेवा झरही खोलामा पुर्ण रुपमा पानीको वहाब व्यवस्थापन हुन नसक्दा डुवान र कटानको समस्या हुँदै आएको छ । डीपीआर तयार भएसँगै डुवान र कटानको समस्याबाट मुक्ति पाइनेमा स्थानीय विश्वस्त छन् ।

# संक्षिप्त समाचार

## उखु किसानले पाए अनुदान रकम

नवलपरासी पश्चिम क्षेत्र नम्बर १ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य विनोद चौधरीको पहलमा जिल्लाका उखु किसानले अनुदान रकम पाएका छन् । सांसद चौधरीले उखुको समर्थन मूल्य तोक्न र अनुदान रकम उपलब्ध गराउन कृषि मन्त्रालयमा निरन्तर ताकेता गर्दै आउनुभएको थियो ।

नेपाली कांग्रेसका नेता एवं लुम्बिनी प्रदेशसभा सदस्य देवकरण प्रसाद कलवार 'सन्तुले सांसद चौधरीको पहलका कारण उखु किसानले अनुदानवापतको रकम पाएको बताउनुभयो । 'हामी जनप्रतिनिधि र उखु किसान गएर माननीय विनोद चौधरीसँग कुरा राख्यौं । उहाँले कृषि मन्त्रालयमा निरन्तर ताकेता गर्नुभयो', उनले भने, 'अहिले उखु किसानले अनुदान रकम पाउनुभएको छ ।' कृषि मन्त्रालयले विभागमार्फत नवलपरासी पश्चिममा १५ करोड १२ लाख १५ हजार ५५८ रूपैयाँ अनुदान रकम वितरण गरिएको कोष तथा लेखा नियन्त्रक कार्यालय (कोलेनिका) नवलपरासीले जनाएको छ ।

## लालपूर्जा वितरण

विनाद चौधरीले मत माग्दा एउटा बाचा गर्नुभएको थियो, भूमिहीनलाई लालपूर्जा उपलब्ध गराउने । एक वर्षका बीचमा राष्ट्रिय भूमि आयोग, जिल्ला समितिमार्फत् भूमिहीनलाई जग्गा वितरण कार्य र लालपूर्जा दिने कार्य भइरहेको छ । २०७९ को माघमा पहिलोपटक बर्दघाट नगरपालिका ७ जिमिरेभारस्थित त्रिनेत्रधामबाट जग्गा नापी सुरू भएको थियो। जुन बेला चौधरी सांसद निर्वाचित भएको दुई महिनामात्रै भएको थियो। त्यसको केहि समयपछि भूमि व्यवस्थामन्त्री रञ्जिता श्रेष्ठको उपस्थितिमा लालपूर्जा वितरण सुरू भएको थियो । नवलपरासी जिल्लाभर एक वर्षको बीचमा करिव पाँच हजारले निस्सा पाइसकेका छन् ।

## नवलपरासीमा सिजी विश्वविद्यालय

बर्दघाट नगरपालिका वडा नं. ५ मा स्थापना गर्ने गरी सिजी विश्वविद्यालयको काम अगाडि बढेको छ । विश्वविद्यालय सञ्चालन अनुमतिका लागि आवश्यक कागजातसहित प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयमा दर्ता भएको छ । विश्वविद्यालयका लागि आवश्यक जग्गा प्राप्तिको विषय अगाडि बढेको छ । यसमा बन मन्त्रालयले जग्गा स्वीकृतिका लागि प्रक्रियामा रहेको छ । प्राविधिक शिक्षालाई प्राथमिकता दिइनेछ भने व्यवस्थापन संकायको पनि अध्ययन अध्यापन गराइनेछ ।

## आगामी वर्षका लागि योजना छनोट

आगामी आर्थिक वर्ष २०८१/८२ मा समावेश गर्नपर्ने योजना तथा कार्यक्रमका लागि स्थानीय तहमा अध्ययन सुरु भएको छ । सो अध्ययनपश्चात् स्थानीय, प्रदेश सरकार र केन्द्र सरकारमा ति कार्यक्रम कार्यान्वयनका लागि पहल र समन्वय हुनेछ । त्यसका लागि माननीय विनोद चौधरीको राजनीतिक सचिवालयले स्थानीय तहमा आवश्यक योजनाहरू छनौटका लागि समन्वयको काम सुरु गरेको हो । सचिवालयले सबै वडा तहमा सम्पर्क राखेर त्यहाँको आवश्यकता बुझेर सोहि अनुसार तीन तहकै सरकारसँग आगामी आर्थिक वर्षका कार्यक्रमहरू तय गरिने जनाएको छ ।

## नवलपरासी क्षेत्र १ मा भएका

# राजनीतिक एवम् सामाजिक गतिविधि


सुस्ता पारी जानेक्रममा डुंगाबाट नारायणी नदी तर्दै


छठ पर्वका अवसरमा नवलपरासीका घाटमा भक्तजनहरुसँग भेटघाट गर्दै


नेपाल मुस्लिम संघ नवलपरासी (बसुप) सभापति अख्तर हुसेन खाँलाई बधाई ज्ञापन गर्दै ।


एसियन गेम्समा कवड्डीतर्फ कास्य पदक प्राप्त गर्ने नेपाली टिमकी सदस्य प्रतापपुर निवासी सृजना कुमारी थारुलाई सम्मान गर्दै


चिसापानी अस्पताल वर्दघाटमा सी.जी. सवल केन्द्रको उद्घाटन गर्दै


थारु समुदायका अगुवा महानुभावहरुसँग छलफल गर्दै



नेपाल महिला संघ, पश्चिम नवलपरासीको पदस्थापन तथा शपथ ग्रहण कार्यक्रममा


सरावलमा आयोजित भलिवल खेलको उद्घाटन गर्दै


प्रतापपुरमा आयोजित कवड्डी खेलको उद्घाटन गर्दै

# नवलपरासीको विकासमा लम्किरहेका विनोद



तेस्रो आँखा

राधेश्याम चौधरी

जनिर्वाचित प्रतिनिधिले कसरी काम गर्नुपर्छ ? यो प्रश्नको उत्तर खोज्न राजनीतिशास्त्रका दर्शन पल्टयाईरहन आवश्यक छैन । नवलपरासी (बसुप) क्षेत्र नं. १ का सांसद विनोद चौधरीले एक बर्षमा गरेका कामको लेखाजोखा गरे मात्रै पुग्छ ।

चुनावमा होमिएका नेताले मतदाता आकर्षित गर्न असम्भव वाचा गरेर घोषणापत्र जारी गरेका हुन्छन् । चुनावको परिणामसँगै ति घोषणापत्रको अस्तित्व समाप्त हुन्छ किनभने ति घोषणापत्रमा निदाएका बेला देख्न सकिने सपना मात्रै सजिएका हुन्छन् । तर, विनोदले मतदातासँग एउटा पनि यस्तो वाचा गरेनन् जुन उनले पूरा गर्न नसकून् । विनोद चौधरीको इतिहासको अभिलेखले भन्छ- उनी जे बोल्छन् त्यो गरेरै छाड्छन् । त्यो बोल्दैनन्, जुन पुरा गर्न नसकियोस् । राजनीतिलाई 'डर्टी गेम' का रुपमा बुझिन्छ तर विनोद चौधरी राजनीतिलाई 'फेयर गेम' बनाउन सकिन्छ भनेर प्रमाणित गर्दैछन् किनभने उनी चुनावमा जारी गरेको प्रतिवद्धतापत्रका बुँदाबुँदा केलाएर कार्यान्वयन गरिरहेका छन् । चुनावमा जारी गरेको ३३ बुँदे प्रतिवद्धतापत्रका ८० प्रतिशत काम एक बर्षभित्रै अगाडि बढाएर उनले राजनीतिको अभिलेखमा पनि नयाँ अध्याय शुरू गरेका छन् । राजनीतिक पूर्वाग्रहको चश्मा फुकालेर जो कोहीले मूल्यांकन गरे पनि विकास गतिविधिका दृष्टिले नेपालभरका १६५ निर्वाचन क्षेत्रमध्ये संभवत: नवलपरासी-१ पहिलो स्थानमा आउनेछ ।

सांसद विनोदले भुँइमान्छेका तत्कालका समस्यादेखि 'बत्ति मुनिको अध्यारो नवलपरासी'लाई एकैसाथ विकासको राष्ट्रिय अभियानमा जोड्ने प्रयास गरिरहेका छन् । त्यसको छनक उनले आफू निर्वाचित भएको पहिलो दिनदेखि नै शुरू गरेका हुन् । अन्यले चुनाव जितेको भए विपक्षीहरूलाई घोचपेचका साथ 'बिजय र्‍याली' मनाउँथे तर विनोद चुनाव जितेकै दिन मुसहर वस्तीमा पुगे, जाडोबाट कठयाङ्ग्रिएका बृद्ध बालबालिकाहरूका लागि न्यानो (ब्ल्याङ्केट, कम्मल) बोकेर। जनप्रतिनिधिका रुपमा उनको पहिलो काम त्यहाँका सिमान्तकृत वर्गको सेवाबाट प्रारम्भ भएको थियो । त्यो अभियान अहिले जिल्लाब्यापी बनेको छ। सुस्ता, प्रतापपुरमा पिछडिएको वस्तीका महिलाले आफ्नै घरआँगनमा बर्थिङ सेन्टरको सुविधा पाएका छन् । कहिल्यै डाक्टरको अनुहार देख्न नपाउने दक्षिणी क्षेत्रका स्वास्थ्य केन्द्रहरुमा डाक्टर पुगेका छन् । बर्दघाट चिसापानी अस्पताल विशेषज्ञ सेवासहितको अस्पतालमा परिणत भएको छ । नवलपरासीले ट्रमा सेन्टर पाएको छ । नवलपरासीमा स्वास्थ्य सेवालाई अर्को तहमा पुऱ्याउन उनले सरकारी बजेटमा मात्रै भर परेका छैनन्, त्यतिकै बजेट चौधरी फाउण्डेसनबाट पनि खन्याएका छन् ।

नवलपसारीमा विनोदको विरोध गर्ने कसम खाएका पात्रहरू हिजो उनलाई टुरिष्ट भन्थे, दु:ख पर्दा विनोदलाई कहाँ भेट्छौ भनेर मतदाता भड्काउथे । हिजो ति पात्रहरू त्यहि वरिपरी त भेटिन्थे तर तिनका काम गफमा सिमित हुन्थे । आज विनोद चौधरीको सचिवालयको सिस्टम त्यही जिमिरेभारबाट प्रभावकारी रुपमा संचालन भइरहेको छ जहाँ आमनागरिकलाई कुनै पनि बेला आफ्ना जनप्रतिनिधि समक्ष दुखपीडा बाड्ने सुविधा छ । ति दु:ख पीडामा साथ दिन विनोदले यस्तो सिस्टम बनाएका छन् कि जनताले साँच्चिकै राहत पाउँछन् । हिजोका जस्ता फुक्ला गफ मात्रै होइन । विनोदप्रतिका आरोपहरू सबै गलत सावित भएपछि यी पात्रहरू अहिले एउटै प्रश्नमा केन्द्रित भएका छन्- केरा उद्योग खोई ? उद्योग स्थापना गर्ने चुनावी अभियानकै क्रममा जग्गा खरिद गरि शिलान्याससमेत भएको अवस्थामा उक्त जग्गामा उद्योग बनाउन शुरू गर्दा माटोको गुणस्तरमा समस्या आएपछि केही ढिलाई भएको हो । तर, अबका एकाध महिनामा केराको उद्योग खोई भनेर प्रश्न गर्नेहरूको एउटै प्रश्न पनि सकिनेछ । किनभने उनीहरूका आँखा अगाडि केरा उद्योग स्थापना हुने प्रकृया अगाडि बढिसकेको छ ।



नवलपरासी पश्चिमको दु:खको कथा सुस्तापारीका नागरिकले नारायणीमा हेलिएर जीवनको बाजी राख्दै आफ्नो दैनिक गुजारा चलाउनुपर्ने पीडामा पोखिदै आएको छ । चुनाव जितेपछि विनोद सुस्तापारीका आफ्ना मतदाताको त्यो दु:खमा पटकपटक आफै सरिक भए, भलै आफैले पनि नारायणीको भङ्गालो किन पार गर्नु नपरोस् । सुस्तावासीका लागि विनोद पहिलो यस्तो जननिर्वाचित सांसद सावित भए जसले पारी सुस्ता पुगेर जनताको घरघरको दु:खलाई आफ्नै आँखाले नियाले र त्यसलाई आफ्नै जीवनको दु:खका रुपमा महशुस गर्न सके । हामीलाई यो सुन्दा आश्चर्य लाग्यो कि यसअघि पटकपटक चुनाव जितेका नेता पारी सुस्ता पुगेको त्यहाँका स्थानीयलाई सम्झना छैन । पारी सुस्ताको दु:खको कथालाई आफ्नै जीवनको कथाका रुपमा आत्मसाथ गरेपछि सांसद चौधरीले आफू निर्वाचित भएको एक बर्ष भित्रमै नारायणी नदीमाथि झोलुङ्गे पुल निर्माणलाई सम्पन्न गर्ने वाचा गरे । र, आज एक बर्ष एक महिना चलिरहदा त्यो पुल उद्घाटन गर्ने तयारी चलिरहेको छ । फागुनसम्ममा उक्त झोलुङ्गे पुल उद्घाटन गरिसक्ने लक्ष्य छ । बर्षौंदेखि अलपत्र अवस्थामा रहेको उक्त पुल एक बर्षमै कसरी सम्पन्न गर्न सम्भव भयो ? यो प्रश्नको उत्तर सुस्ता ५ का मनोहर जयसवालले दिदै भन्छन्- जनतालाई ठगेर खाने र काम गरेर देखाउने नेताबीच यहि त अन्तर रहेछ । यसपाली पनि विनोदले चुनाव नजितेको भए अर्को चुनावमा पनि यहि पुल बनाउनेछौं भनेर हामीसँग भोट माग्न आउनेथिए ती नेताहरु ।

विनोदकै निरन्तर सक्रियतामा यसपाली नवलपरासीका उखु किसानले समयमै अनुदान पाए । बर्दघाटमा स्मल एण्ड मिडियम इन्टरप्राईजेज भिलेज (एसएमई भिलेज) निर्माण हुँदैछ । बर्दघाटदेखि त्रिवेणी जोड्ने सडक विस्तार हुनुकासाथै खजुरा खोलामा पुल निर्माण भइरहेको छ । सीजी पोलिटेक्निकमार्फत् युवाहरु रोजगारमा जोडिएका छन् । र, यो कार्यक्रम जिल्लाब्यापी फैलिदो छ । युवाहरुलाई उद्यमशील बनाउन विनोदकै सोचमा उद्यमशीलता कार्यक्रम संचालन भइरहेका छन् । महिला उद्यमशीलता र सशक्तिकरण कार्यक्रमहरु प्रभावकारी रुपमा अगाडि बढिरहेका छन् । सडक, विद्युत, खानेपानी, कृषि, पर्यटनजस्ता बृहत कार्यक्रमहरुले पहिलोपटक नवलपरासीलाई चिनेका छन् । विकासका ठूला कार्यक्रमहरुमा विनोदको उत्तिकै सक्रियता छ ।

एक बर्षमा सांसदका रुपमा विनोदले नवलपरासीमा जे गरिरहेका छन्, राजनीतिका लागि राजनीति मात्रै गर्ने तर आफूले केही गर्न नसक्नेहरूले मात्रै राजनीतिक पूर्वाग्रहको घडा फुटाइरहेका छन् । तर विनोदको विकास अभियानको यात्रा भने गज्जब लोभलाग्दो छ ।

एक बर्षमा विनोदले आफूलाई राजनीति फुक्ला गफ गर्ने थलो होइन, काम गरेर देखाउने जिम्मेवारीले भरिएको अवसर हो भन्ने प्रमाणित गरेका छन् ।

उनको विरोधमा चियाका कप रित्याउनेहरूलाई उनले कुनै जवाफ दिनुपर्ने अवस्था नै रहेन । विनोद र यी पात्रहरुबीचको फरक अब जनतालाई प्रष्ट भइसक्यो ।

उनको कार्यशैलीले चर्चित नेपाली उखानलाई सम्झाउछ-

'कुकुर भुक्दै गर्छ । हात्ति लम्किरहन्छ ।'

**सम्पादक मण्डल:** मधुसूदन पौडेल, खगेन्द्र भण्डारी, राजकुमार घिमिरे, पुरुषोत्तम सुवेदी, सरोज थापा, **सम्पर्क कार्यालय:** रवि भवन,काठमाडौं। फोन नं.:+९७७-९८५१०२३३७३,
स्थानीय अफिस: बर्दघाट - ७, जिमिरेभार, नवलपरासी (ब.सु.प.) क्षेत्र नं १, लुम्बिनी प्रदेश, नेपाल। फोन नं.: +९७७-७८-५९०३३०, ईमेल: bkc.secretariat@gmail.com